# क्षीरेश्वरनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**महेन्द्रनगर, धनुषा**

**मधेश प्रदेश, नेपाल**

पत्र संख्या : २०८२।०८३

चलानी नं. : २३६५

मिति : २०८३।०३।०५


**विषय:- आवश्यक कार्यार्थ पठाइएको सम्बन्धमा ।**

श्री विद्यालयहरू (सामुदायिक, शैक्षिक गुठी तथा संस्थागत) सबै,

क्षीरेश्वरनाथ नगरपालिका धनुषा ।

प्रस्तुत विषयमा यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट मिति २०८३।०२।१७ गते संचालित विद्यार्थीसँग मेयर अन्तरक्रियात्मक कार्यक्रममा विद्यार्थीहरूले उठान गरेका विषयहरू मध्ये तहाँ विद्यालहरूले सम्बोधन गर्नु पर्ने भनि यसैसाथ संलग्न विवरण अनुसार तोकिएका विषयहरू सम्बोधनका लागि आवश्यक कार्यार्थ पठाइएको बेहोरा अनुरोध छ ।

२०८३।३।५

अधिकृत सातौं

**अवगतार्थ**

नगर प्रमुख श्री सुखदेव यादव, क्षीरेश्वरनाथ नगरपालिका धनुषा ।



CamScanner

क्षीरेश्वरनाथ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

महेन्द्रनगर धनुषा

नगर प्रमुखसँग विद्यार्थी अन्तरक्रिया कार्यक्रममा उठान भएका विषयहरू:

| क्र.सं. | उठान भएका विषयहरू | सम्बोधन गर्नु पर्ने विषयहरू | सम्बन्धित निकाय | कैफियत |
|---|---|---|---|---|
| १. | हप्तामा २ दिन विदा हुँदा पढाइ लेखाइ प्रभावित भएकोले उक्त विदा हटाइ दिनु हुन । | विद्यालय शिक्षण सिकाइ क्रियाकलापको समयावधि व्यवस्थापन गर्नु पर्ने । | नेपाल सरकार र नगरपालिका । | |
| २. | कम्प्युटर विषय अनिवार्य रूपमा पढाइ हुने व्यवस्था मिलाइ दिनु हुन । | कम्प्युटर शिक्षालाई शिक्षण सिकाइ क्रियाकलापको अङ्ग बनाउनु पर्ने । | सम्बन्धित विद्यालयहरू सबै । | |
| ३. | सरकारी स्कुलमा राम्रो पढाइ भए हामी संस्थागतमा किन पढ्थे, छात्रवृति वितरण<br>सेनिटरी प्याडको व्यवस्थापन र सार्वजनिक शौचालयको व्यवस्थापन गरीदिनु हुन । | सामुदायिक विद्यालयमा गुणस्तर सुधारोन्मुख दैनिक शिक्षण सिकाइ गतिविधि संचालन गर्नु पर्ने । | सामुदायिक विद्यालयहरू सबै । | |
| ४. | पढाइमा मात्र ध्यान नदिइ अतिरिक्त क्रियाकलापमा पनि जोड दिनुपर्ने, अतिरिक्त क्रियाकलाप निरन्तर नहुनु । | शिक्षण सिकाइ क्रियाकलापका साथ साथै अतिरिक्त शैक्षिक क्रियाकलापहरू संचालन गर्नु पर्ने । | विद्यालयहरू सबै । | |
| ५. | कम्प्युटर ल्याबको राम्रो व्यवस्थापन नभएको । | संस्थागत विद्यलयहरूले कम्प्युटर ल्याबको व्यवस्थापन गर्नु पर्ने तथा सामुदायिक विद्यालयमा उपलब्ध कम्प्युटर ल्याबको अधिकतम उपलब्ध गर्ने । | सामुदायिक तथा संस्थागत विद्यालयहरू सबै । | |
| ६. | स्वच्छ खानेपानीको व्यवस्था नभएको,<br>विद्यालयलाई प्रविधि मैत्री स्मार्ट बोर्डको व्यवस्थापन गर्नु पर्ने, शौचालयको राम्रो व्यवस्थापन नभएको, स्मार्ट बोर्ड को अभाव । | • विद्यालयमा स्वच्छ र पर्याप्त खानेपानी व्यवस्थापन गर्नु पर्ने । | सामुदायिक तथा संस्थागत विद्यालयहरू सबै । | |

दिपक खत्री
शिक्षा अधिकृत

क्षीरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | • विद्यालयलाई प्रविधि मैत्री बनाउन आवश्यक पुर्वाधार व्यवस्थापन गर्नु पर्ने । | | |
| ७. | कक्षा - ८ को परीक्षामा राम्रो अंक ल्याउने विद्यार्थीको लागि प्रोत्साहन छ कि छैन ? | वार्षिक स्वीकृत कार्यक्रम अनुसार विद्यार्थी प्रोत्साहन गर्नु पर्ने । | क्षीरेश्वरनाथ नगरपालिका धनुषा। | |
| ८. | पढाइ भएको विषय वस्तुलाई व्यवहारिक जीवन सँग जोड्नु पर्ने । | शिक्षण सिकाइ क्रियाकलापलाई व्यवहारिक बनाउन जोड दिनु पर्ने । | विद्यालयहरू सबै । | |
| ९. | कम्प्युटर ल्याव, विज्ञान ल्याव, गणित ल्याव, पुस्तकालय भएपनि प्रयोगमा नल्याएको तथा विषयगत शिक्षकको अभाव रहेको । | उपलब्ध प्रयोगशालाको सबै बालबालिकाहरूले प्रयोग गर्ने वातावरण बनाउनु पर्ने । | विद्यालयहरू सबै । | |
| १०. | सामुदायिक विद्यालयमा शिक्षकको अभाव पुरा गर्नु पर्ने । | सामुदायिक विद्यालयहरूमा शिक्षक अभाव पुरा गर्न शिक्षक व्यवस्थापन गर्नु पर्ने । | सम्बन्धित विद्यालय, स्थानीय तह तथा नेपाल सरकार। | |
| ११. | शौचालयको राम्रो व्यवस्थापन नभएको । | विद्यालयमा छात्र छात्रा शौचालय व्यवस्थापन गर्नु पर्ने तथा भएको शौचालय नियमित रूपमा सरसफाइ गर्नु पर्ने । | सामुदायिक तथा संस्थागत विद्यालयहरू सबै । | |
| १२. | टाई बेल्ट न.पा. बाट व्यवस्थापन गर्नु पर्ने, वडा स्वास्थ्य चौकीमा औषधीको अभाव भएको, विद्यालयको अगाडि साभा हल निर्माणको कारण पढाईमा अप्ठयारो गरेको । | विषय प्रकृति अनुसार सम्बोधन गर्नु पर्ने । | रा मा वि सखुवा बजार र वडा नं ६ को कार्यालय सखुवाबजार । | |
| १३. | स्काउट र बाल क्लबको गंठन व्यवस्थापन गर्नु पर्ने । | स्काउट तथा बालक्लब इकाई गठन गर्नु पर्ने । | सामुदायिक तथा संस्थागत विद्यालयहरू सबै । | |
| १४. | नगरपालिकामा सरसफाइमा कमी, पैसाको अभावमा विरामिको उपचार नभई मृत्यू भएको । | नियमित सरसफाइ गर्नु पर्ने तथा पैसाको अभावमा बिरामीको उपचार हुन नपाउने अवस्थाको अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गर्नु पर्ने । | क्षीरेश्वरनाथ नगरपालिका धनुषा । | |

Kafun

दिपक खत्री
शिक्षा अधिकृत

क्षीरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १५. | सामुदायिक विद्यालयका शिक्षकहरुले आफनो छोरा छोरीलाई सामुदायिक विद्यालयमा किन नपढाएको ? | प्रत्येक बाबु आमालाई आफ्ना सन्तान कुन विद्यालयमा पढाउने स्वतन्त्रता हुने भएकोले सोही अनुसार आवश्यक व्यवस्थापन गर्नु पर्ने । | सम्बन्धित सरोकारवालाहरू । | |
| १६. | निःशुल्क स्वास्थ्य शिविरमा चेक गराउदा पनि पैसा मागेको । | नियमानुसार गर्नु पर्ने । | स्वास्थ्य शाखा । | |
| १७. | विषयगत शिक्षकको अभाव,<br>कम्पाउण्ड वालको अभाव भएको । | • विषयगत शिक्षक व्यवस्थापन गर्नु पर्ने ।<br>• विद्यालयहरूलाई सुरक्षित बनाउन आवश्यक कम्पाउण्ड तथा घेराबेरा व्यवस्थापन गर्नु पर्ने । | सामुदायिक तथा संस्थागत विद्यालयहरू एवम् नगरपालिका । | |
| १८. | वस्ने ठाउँको अभाव, गुणस्तरीय पढाइ नभएको, शिक्षक समयमा विद्यालयमा उपस्थित नभएको । | उठान भएको सवालहरू सम्बोधन गर्नु पर्ने । | दुर्गा तुलसी रा आ वि दुर्गाटोल । | |
| १९. | तरकारी खेतीमा किटनासक औषधीमा रोक लगाउनु पर्ने, | नियमन गर्नु पर्ने । | क्षीरेश्वरनाथ नगरपालिका धनुषा । | |
| २०. | शिक्षकलाई विद्यार्थीले प्रश्न सोध्दा जवाफ दिन झर्को मान्ने गरेको । | शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री बनाउने तथा उठान भएको विषयलाई गम्भिर रूपमा लिइ सम्बोधन गर्ने । | सम्बन्धित सामुदायिक तथा संस्थागत विद्यालहरू सबै । | |
| २१. | राष्ट्रपति रनिङ्ग शिल्ड वाहेक पनि बालबालिकाहरुको खेलकुद कार्यक्रम संचालन हुनुपर्ने । | बालबालिकाहरूको खेल प्रतिभाको विकास गर्न खेलकुद कार्यक्रमहरू संचालन गर्नु पर्ने । | सामुदायिक तथा संस्थागत विद्यालहरू सबै एवम् क्षीरेश्वरनाथ नगरपालिका धनुषा । | |

दिपक खत्री
शिक्षा अधिकृत

क्षीरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल